# पोट्ठिल भिक्षुको

# कथा



Dhamma.Digital

अनुवादक-

भिक्षु शाक्यानन्द महास्थविर

https://dhamma.digital

※ नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ※

# पोट्ठिल भिक्षुको कथा

( पालि भाषाबाट नेपालीमा अनुवादित )




अनुवादक एवं प्रकाशक-

भिक्षु शाक्यानन्द महास्थविर

आनन्दविहार, तानसेन, पाल्पा


451-2


बुद्ध सम्बत् २५११

नेपाल सम्बत् १०८८

बिक्रम सम्बत् २०२४


https://dhamma.digital

# समर्पण—

स्व० पूज्य धर्मालोक महास्थविर

स्व० सुगतानन्द श्रामणेर

स्व० कुलमाया शाक्य

हरूको

## पूण्य स्मृतिमा

यो पुस्तक संशोधक सेंठ मथुराप्रसाद प्रधानलाई धन्यवाद ज्ञापन गर्दछु ।

Dhamma.Digital

*

यो पोट्ठिल भिक्षुको कथा धर्मपद अट्ठकथा मग्गवर्गमा पाइन्छ । पाठकहरूले शुद्धाशुद्धको ख्याल नराखी पुस्तक हेर्नुभै ज्ञानमात्र लिनुभए मेरो प्रयासलाई सफल सम्झने थिएँ ।

— अनुवादक

https://dhamma.digital

*नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।*

# पोट्ठिल भिक्षुको कथा

योगावे जायति भूरि । अयोगा भूरि सङ्ख्यो ॥
एतं द्वेधापथंञत्वा । भवायविभवाय च ॥
तथत्तानंनिवेसेय्य । यथा भूरि पवड्ढतीति ॥

---

यो धर्मदेशना भगवान बुद्ध जेतवन विहारमा विहार गर्नु भएको अवस्थामा पोट्ठिल भिक्षुको बारेमा भन्नु भएको थियो ।

पोट्ठिल भिक्षु, विपस्सी बुद्ध आदि सातजना बुद्ध भेटेर आएका थिए । सातजना बुद्धको पालामा पनि त्रिपिटकाचार्य थिए । पाँच पाँच शय भिक्षुहरूलाई पालि विद्या बौद्धशिक्षा दिनु हुन्थ्यो । दिनको अठार पटक भिक्षुहरूलाई पालि विद्या पढाउने हुनाले गणाचार्य पनि थिए । विहारमा आउने धेरै श्रोतागणहरू लाई धर्म उपदेश दिने हुनाले धर्म कथिक पनि भन्दथ्यो । एक दिन भगवान बुद्धको मनमा यस्तो भयोकि पोट्ठिल भिक्षु केवल ग्रन्थधूरमा मात्रै लागिरहेकोछ ।

यिनीले ध्यान भावना गरेको देखिएन । सात सातजना बुद्धको पालामा पनि पोट्ठिल भिक्षुलाई चेतावनी नदिइ भएन भन्ने विचार गर्‍यो । एक दिन पोट्ठिल भिक्षु बुद्धको सेवामा गएको थियो । त्यस अवस्थामा भगवान बुद्धले भन्नुभयो कि – हे तुच्छ पोट्ठिल आगच्छ । हे तुच्छ पोट्ठिल निसिदतु । हे तुच्छ

https://dhamma.digital

पोट्ठिल गर्छौहि भनि बुद्ध भगवानले पोट्ठिल भिक्षुलाई तुच्छ गराउनु भयो। भगवान बुद्धको यस्तो वचन सुनी पोट्ठिल भिक्षुलाई बड़ो नराम्रो लाग्यो। पोट्ठिल भिक्षुको मनमा यस्तो भयोकि, किन रहेछ आज मलाई भगवान बुद्धले तुच्छ गर्नु भएको ? मैलेत केही पनि अनुचित काम गरेको छैन। अट्ठ कथा सहित सारा त्रिपिटक कण्ठस्थ गरेको छु। पाँच पाँच सय भिक्षुहरूलाई दिनको अठार पटक पालि पढाईरहेको छु। विहारमा आउने उपासक उपासिकाहरूलाई धर्म उपदेश पनि दिइरहेकैछु। विनयशीलमा पनि मेरो केही त्रुटि भए जस्तो लाग्दैन। भगवान बुद्धबाट मलाई सधैं तुच्छ पोट्ठिल भन्नुहुन्छ, किन होला ? भन्ने पोट्ठिलको मनमा यस्तो बिचार आयो। अरू केही पनि होइन। म संग ध्यान नभएको हुनालेनै भगवान बुद्धले मलाई तुच्छ भन्नु भएको होला भन्ने कुराको मतलब सम्झी बुझी मनमा संवेग अर्थात वैराग्य उत्पन्न भयो। अब म जंगल मा गइ श्रमण धर्म पालन गर्छु भनि अठोट गर्नुभयो र भोलि पल्ट पोट्ठिल भिक्षु बिहानै उठी शिष्यहरूलाई सधैंझैं पालि विद्या पढाउने काम समाप्त गरेर कसैलाई केही पनि न भनि आफ्नो चीवर र पिण्डपात्र लिई बिहारबाट पोट्ठिल भिक्षु सुरु सुरु हिंडे। शिष्यहरूको मनमा भयो कि हाम्रो गुरू भिक्षाटन गर्न जान लाग्नु भएको भन्ने सम्झी कसैले केही बोलेनन्। पोट्ठिल भिक्षु जाँदा जाँदा एकसय बीस योजन बाटो काटेर एक जंगलमा पुगे। त्यो जंगलमा तीस जना भिक्षुहरू ध्यान गरि अरहन्त भएका थिए। प्रथम नायक भन्ते कहाँ गई पोट्ठिल भिक्षुले समाधि माग्नु भयो। नायक भन्तेले भन्नुभयोकि पोट्ठिल ! तिमी स्वयम्

https://dhamma.digital

धर्म कथिक छौ। तिम्रो तरफबाट नै हामीहरूलाई त्रिपिटक सिकाइ दिनु पर्छ। किन हामीहरूसंग शिक्षा माग्न आएको ? भनि जंगलमा बसी ध्यान भावना गरि अरहत प्राप्त गरेको भिक्षु ले भन्नु भए पछि पोट्ठिलले भने- भन्ते ! त्यसो नभन्नु होस। भन्ते म त्रिपिटकाचार्य भएता पनि ध्यान भावनामा म अनभिज्ञ छु। मेरो उपर कृपा गर्नु भै ध्यान भावना दिनुहोस। नायक भन्तेको मनमा भयो कि यो पोट्ठिल भिक्षु सात सातजना बुद्धहरू संग भेटेर आएका हुन। सात बुद्धको पालामा पनि त्रिपिटकाचार्य भएर आइसकेका थिए। यिनीसग विद्या अभिमान छ। विद्या अभिमान भए सम्म यिनीलाई ध्यान भावना हुने छैन भनि आफुले ध्यान नदिइकन द्वितीय थेर कहाँ पठाउनु भयो। पोट्ठिल भिक्षु द्वितीय थेर कहाँ गई ध्यान भावना माग्नु भयो। द्वितीय थेरको मनमा भयो कि विपस्सी बुद्धको पालामा यो भिक्षुले ध्यानभावना गरेको भए त्यसै बेलामा पनि अरहन्त हुन सक्ने थियो। यो पोट्ठिल भिक्षुहरूले सात र जना बुद्धको पालामा पनि विपस्सना (विदर्शना) भावना नगरी ग्रन्थ धूरमा मात्रै लागेको हुनाले यस भिक्षुले अरहन्त मार्गफल प्राप्त गर्न सकेन। यो पोट्ठिल भिक्षुको विद्या अभिमान तोड्नु पर्छ भनि द्वितीय थेरले पनि ध्यान भावना नदिइकन तृतीय थेर कहाँ पठाइ दिए। अरण्यवासी भिक्षुहरू सबै अरहन्त भैसकेका थिए। परस्परमा त्यसो हुँदा हुँदै उनन्तीसौं भिक्षु कहाँ पुग्यो। उनि भिक्षुले पनि पोट्ठिललाई ध्यान न दिइकन चीवर सिएर बसेको सातवर्षको अरहन्त श्रामणेर कहाँ पठाइ दिए। पोट्ठिल भिक्षु सातवर्षको श्रामणेर कहाँ गई, भो सत् पुरूष ! मलाई अरहन्त हुन सक्ने एउटा ध्यान दिनुहोस भनि पोट्ठिल ले हात जोडे। श्रामणेरले भन्नुभयो कि भो भन्ते ! के भन्नु भएको ?

https://dhamma.digital

तपाई म भन्दा जेठो हुनु हुन्छ र बहुश्रुत, त्रिपिटकाचार्य, गणाचार्य र धर्मकथिक हुनुभै सक्नु भएको। तपाईलेनै मलाई शिक्षा दिनुपर्छ। यस्तो शद्ध सुने पछि पोट्टिल भिक्षुले नम्र निवेदन साथ भन्न लाग्यो, भो सत् पुरूष! त्यसो नभन्नुहोस्। ग्रन्थधूरले निर्वाण साधना गर्न नसक्ने रहेछ। मेरो चरित्रलाई सुहाउँदो एउटा ध्यान दिनु होस। श्रामणेरले भन्नु भयो, भन्ते, ओवाद आज्ञालाई पालनगर्न सक्नु हुन्छ? सक्छु सत्पुरूष। मैले तपाईलाई आगोमा हाम फाल भन्छु, तपाई हाम फाल्न सक्नुहुन्छ? भो सत्पुरूष! तपाई ले मात्रै वचन दिनु भयो भने म आगोमा हाम फाल्न पनि तयार छु। श्रामणेरले फेरि भन्नु भयो कि त्यसो भए भन्ते! उतातिर एउटा पोखरी छ। त्यो पोखरीमा चीवर सहित प्रवेश गर्नुहोस त। श्रामणेरले त्यति भन्ने बित्तिकै पोट्टिल भिक्षु चीवर सहित पोखरीमा प्रवेश हुन तयार भै अघि बढ्नु भयो। पानीमा अलिकति चीवरको टुप्पा भिज्ने बित्तिकै भैगो भन्ते आउनुहोस भनि सात वर्षीय श्रामणेर कहाँ आइपुग्यो। यो सबै शिक्षाकामि हुनु हुन सक्छ कि सक्दैन भनि परीक्षा लिएको थियो। परीक्षा बाट उत्तीर्ण भैसके पछि श्रामणेरले पोट्टिल भिक्षुलाई ध्यानको कुरा सिकाई दियो। भन्ते! सुन्नुहोस्, एउटा जंगलमा धमीरा ले माटो थुपारी देगल जस्तो बनाएको थियो। माटोको थुप्रोमा छवटा प्वाल रहेछ। जंगलबाट एउटा गोहरा सत्व आएर त्यही मा टोको दुलोमा पस्यो। गोठालाहरूले गोहरा सत्व दुलोमा पसेको देखेर समात्न भनि गोठालाहरू माटोको थुप्रो तिर गयो। सबै वरिपरि घेरा लगाई गोहरालाई समात्न लागे। छ वटा प्वाल भएकोले गोहरा यता उता भाग्न खोज्यो। न त गोहरा भाग्न

https://dhamma.digital

सक्यो न गोठालाहरूले समात्न सक्यो । एउटा बुद्धिमानी गोठालाले पाँचवटा ढुङ्गा ल्याई पाँचवटा प्वाल बन्दगरी दियो र खुलाप्वाललाई भट्काई गोहरालाई समात्यो । यही उपमा श्रामणेरले पोट्ठिल भिक्षुलाई शरीरमा घटाएर देखाई दियो । भन्ते सुन्नु होस् माटोको थुप्रो माने यो शरीर भयो । छवटा प्वाल माने हाम्रो यो छः द्वार भयो । चक्षु श्रोत, घ्राण, जिह्वा, काय मनोद्वार भयो । गोहरा माने चित्त भयो । गोठाला माने योगी पुरुष भयो । हाम्रो यो चक्षु, श्रोत घ्राण, जिह्वा, काय यो पाँच द्वारालाई बन्द गरी मनो द्वारमा स्मृति पालो राखी समाधि द्वारा चित्तलाई आफ्नो बसमा. राख्नुनै, भावना भन्दछन् । चक्षु आदि; रूप, शब्द गन्ध, रस, स्पर्शमा भुल्नुनै पंचकामगुण (विषय) भन्दछन् । पंचकामगुण (विषय) बाट न छुटिकन भावना हुँदैन । तसर्थ आँखा= रूपमा नभुल्नु । कान= शब्दमा नभुल्नु । नाक गन्धमा नभुल्नु । जिब्रो= रसमा नभुल्नु । काय= शरीर= स्पर्शमा नभुल्नु । यो पाँच काम गुण, विषयलाई त्याग गर्नु नै ध्यान भन्दछन् । श्रामणेरले यति भन्ने बित्तिकै । बहुश्रुत भएका, पोट्ठिलभिक्षुले सम्भनु भयो । जस्तै अँध्यारो भएको ठाउँमा बत्ती बालि दिएझैं पोट्ठिल भिक्षुको प्रज्ञा चक्षु खुल्यो । भो भो सत्पुरूष ! मैले जाने मैले बुझें भनि श्रामणेरलाई पोट्ठिल ले भनेर एकान्त शून्य स्थानमा जानुभयो । ।

श्रामणेरसंग ध्यान लिई पोट्ठिलभिक्षु एकान्तमा गई ज्ञान चक्षु सहितको स्मृतिलाई अगाडि राखी पलेटी मारी शरीर सिधा गरी श्रमण धर्म शुरू गरे । आनापाना भावना र काय-

https://dhamma.digital

गतानुस्मृति भावनालाई श्रमण धर्म भन्दछन । ध्यान प्राप्त गर्न पंचनिवरण रोक्नु पर्दछ। कामछन्द, व्यापाद, थीनमिद्ध, उद्धच, कुकुच, विचिकिच्छा। यो पाँच निवरणलाई नरोकिकन ध्यान हुँदैन। रूप, शब्द, गन्ध, रस स्पर्शमा आशक्त हुनु कामछन्द भन्दछन्। हिंसा, द्वेष, ईर्ष्यालाई व्यापाद भन्दछन्। शारीरिक आलस्य र मानसिक आलस्यलाई थीनमिद्ध भन्दछन। शारीरिक चंचल र मानसिक चंचलतालाई उद्धच भन्दछन्। गरिसकेको पाप र गर्न न पाएको धर्म देखेर पछुटाउनुलाई कुकुच भन्दछन्। अविद्या, संस्कार, विज्ञान, नामरूप आदि प्रतित्यसमुत्पादमा शङ्का, संदेह हुनु विचिकिच्छा भन्दछन। वितर्क, विचार, प्रीति, सुख र एकाग्रता यी पाँच अङ्गले पूर्ण भएको समाधिलाई प्रथम ध्यान भन्दछन्। वितर्कले आलस्य रोकिन्छ। विचारले शङ्का, सन्देह रोकिन्छ। प्रीतिले द्वेष रोकिन्छ। सुखले शारीरिक चचल र मानसिक चंचलता रोकिन्छ। एकाग्रताले सांसारिक भोग संबन्धि आशा र तृष्णा एकछिन भए पनि रोकिन्छ। यस्तै गरि पोट्ठिल भिचुले ध्यान गर्नु भयो। ध्यानबाट चित्त आफ्नो बसमा आइ सकेपछि समथा भावनालाई छोडि विपस्सना भावना गर्नु भयो। विपस्सनाको अर्थ हो अनित्य, दुःख, अनात्मा। चण चणमा यो शरीर बदलीरहनु अनित्य भयो। यो शरीरलाई दुःखमय जीवन सम्झनु दुखः भयो। यो शरीर आफ्नो अधीनमा नहुनु अनात्मा भयो। यस्तै गरी विदर्शना भावना गर्दागर्दै पोट्ठिल भिचु श्रोतापत्ति हुनुभयो। मिथ्यादृष्टि, शंका, सन्देह र मिथ्या शीलबाट मुक्त भैसकेको समाधिलाई श्रोतापत्ति भन्दछन्। फेरि विदर्शन भावना गरी पोट्ठिल भिचु सकृदागामि र अनागामि हुनु

https://dhamma.digital

भयो। राग, द्वेष, मोह तनु (कमजोर) भएकोलाई सकृदागामि भन्दछन। काम राग र द्वेषबाट मुक्त भै सकेको समाधिलाई अनागामि भन्दछन्। तस्तैगरी पोट्ठिल भिक्षुले ध्यान गरीरहेको बेलामा भगवान बुद्धले एक सय बीस योजन टाढ़ा बसी ध्यान गरीरहेको पोट्ठिल भिक्षुलाई आफ्नो दिव्य चक्षुबाट देख्नु भयो। पृथ्वी समान भूरिप्रज्ञा हुने पोट्ठिल भिक्षुले अब त ठीक काम गऱ्यो। मैले उनलाई तुच्छ भनेको कुरालाई बुझी सात वर्षको श्रामणेरसंग ध्यान लिई पोट्ठिलले ध्यान भावना गरेको देख्दा भगवान बुद्ध खुशी हुनु भएर उनै भिक्षुको प्रति दया करुणा राखी भगवान बुद्धदेवबाट जेतवन विहारमा बसी, आफ्नो निधारमा भएको उन्नलोमबाट पञ्चरश्मि निकाली एक सय बीस योजन टाढ़ा बसी ध्यान गर्ने भिक्षुलाई रश्मि देखाई रश्मिको भित्र निर्मित बुद्ध खड़ा गरी यो श्लोक भन्नुभयो।

योगावे जायति भूरि। अयोगा भूरि संक्ख्यो॥
एतं द्वेधा पथंञत्वा। भवाय विभवाय च॥
तथत्तानं निवेसेय्य। यथा भूरि पवड्ढतीति॥

अर्थः— योग अभ्यास द्वारा प्रज्ञा बृद्धि हुन्छ। योग अभ्यास नभए पछि प्रज्ञा बृद्धि हुँदैन। प्रज्ञाको बृद्धि र अबृद्धि हुने दुई मार्गलाई जानि आफुलाई त्यो मार्गमा राख्नु पर्छ कि जुन मार्ग बाट प्रज्ञा बृद्धि हुन्छ। यस प्रकार भगवान बुद्धको मुखबाट धर्म उपदेश सुनी ध्यान भावना गरीरहेको पोट्ठिल भिक्षु अरहन्त भयो। राग, द्वेष, मोह, अभिमान, मिथ्यादृष्टि, निर्लज्या, निर्भय, आलस्य, चंचलता, पछुताउ, शङ्का, सन्देह निरोध हुनु नै अरहन्तको लक्षण हो। त्यसकारण भो सज्जनहरू! ग्रन्थधूर

https://dhamma.digital

भन्दा पनि विपस्सना (विदर्शना) धूरै ठूलो छ। ध्यान धर्मनै बुद्धको धर्म हो। निर्वाणलाभि सज्जनहरूले ग्रन्थधूरलाई छोडेर विपस्सना (विदर्शना) धूरैमा कोशिस गर्नु पर्दछ। पोट्ठिलभिक्षु अरहन्त भएर यावत् जीवन धर्म उपदेश गर्दै धेरै जना भिक्षु, भिक्षुनी, उपासक उपासिकाहरूलाई बोध गराउनु भयो। यो धर्म उपदेश सुनेर धेरैजना श्रोतागणहरू पनि सार्थक भए।

त्यही कथालाई तपाईहरूको अगाड़ी प्रस्तुत गरेको छु। यस कथावाट पाठकहरूको चित्तवृत्ति पनि ध्यान पट्टि लाग्यो भने म आफुलाई सार्थक सम्झनेछु।

इति

## सात बुद्धको नामावली—

१ विपस्सी बुद्ध
२ सिखी बुद्ध
३ वेस्सभू ,,
४ ककुछन्द ,,
५ कोणागमन ,,
६ काश्यप ,,
७ गौतम बुद्ध



Dhamma.Digital

https://dhamma.digital

# प्रतित्यसमुत्पाद

(१) अविद्या – दुःख सत्य, समुदय सत्य, निरोध सत्य, मार्ग सत्यलाई नजानेको। कामाश्रव, भवाश्रव, दिट्ठाश्रव, अविद्याश्रव, छोडन नसकेको। लोभ ८, द्वेष २, मोह २ यो बाह्र अकुशल चित्तमा भएको मोह चित्तलाई पनि अविद्यानै भन्दछन्।

(२) संस्कार – कुशल संस्कार, अकुशल संस्कार, आनेन्जाभि संस्कार, काय संस्कार, वाक् संस्कार, चित्त संस्कार।

(३) विज्ञान – चक्षु विज्ञान, श्रोत विज्ञान, घ्राण विज्ञान, जिह्वा विज्ञान, काय विज्ञान, मनोविज्ञान।

(४) नाम रूप- पृथ्वी, जल, अग्नि, वायु, आकाश, इत्यादि (२८ रूप) उपचय, सन्तति, जड़ता, अनित्यता। नाम= वेदना, संज्ञा, संस्कार, विज्ञान।

(५) सळायतन – चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन, आयतन।

(६) फस्स – चक्षु स्पर्श, श्रोत स्पर्श, घ्राण स्पर्श, जिह्वा स्पर्श, काय स्पर्श, मन स्पर्श।

(७) वेदना – दुःख वेदना, सुख वेदना, उपेक्षा वेदना, चक्षु-वेदना, श्रोतवेदना, घ्राणवेदना, जिह्वा वेदना, काय वेदना, मनोवेदना।

(८) तृष्णा – कामतृष्णा, भवतृष्णा, विभवतृष्णा, चक्षुतृष्णा, श्रोत, घ्राण, जिह्वा, काय, मनोतृष्णा।

(९) उपादान- काम उपादान, दृष्टि उपादान, शील व्रत उपादान,

https://dhamma.digital

आत्मवाद उपादान ।

(१०) भव – काम भव, रूप भव, अरूप भव ।

(११) जाति– जन्म, रूप, वेदना, संज्ञा, संस्कार, विज्ञानको उत्पत्ति ।

(१२) जरा– वृद्धा, व्याधि, रोग, मरण, मृत्यु ।

प्रतित्यसमुत्पाद दुःखको मूल कारणहरू यही हुन ।

## निरोध

अविद्या नभए संस्कार हुँदैन, संस्कार नभए विज्ञान हुँदैन, विज्ञान नभए नाम रूप हुँदैन, नाम रूप नभए सल्लायतन हुंदैन, सल्लायतन नभए स्पर्श हुँदैन, स्पर्श नभए वेदना हुँदैन, वेदना नभए तृष्णा हुँदैन, तृष्णा नभए उपादान हुंदैन, उपादान नभए भव हुँदैन, भव नभए जाति हुँदैन र जाति नभए जरा, व्याधि, मरण, पनि हुँदैन ।

दुःखको अन्त, दुःखको निरोध र निर्वाण यसैलाई भन्दछन् ।

Dhamma.Digital

## निर्वाणको लक्षण

न पृथ्वी छ' न जल छ, न अग्नि छ, न वायु छ, न आकाश छ, न विज्ञान छ, न आकिञ्चन आयतन छ, न नेव-संज्ञा नासंज्ञा आयतन छ, न इहलोक छ, न परलोक छ' न चन्द्र सूर्य छ । न जानुपर्ने ठाउँ हो, न आउनु पर्ने ठाउँ हो, न बस्नुपर्ने ठाउँ हो, न मनु'पर्ने ठाउँ हो, न जन्मनुपर्ने ठाउँ हो, आधार रहित, संसरण रहित र आरम्मण रहित दुःखको अन्त लाई निर्वाणको लक्षण भन्दछन् ।

https://dhamma.digital

# सात निर्वाण

(१) क्लेश निर्वाण- राग, द्वेष, मोह, मान, दिट्ठि, अहिरिक, अनोत्तप्प, थीनमिद्ध, उद्धच्च, कुक्कुच, विचिकिच्छा, यो दश क्लेष नभएको।

(२) शून्यता निर्वाण – लोभ, द्वेष, मोह नभएको।

(३) अनिमित्त निर्वाण – कुशल, अकुशल निमित्त नभएको।

(४) अप्रणिहित निर्वाण- भव तृष्णाबाट मुक्त भैसकेको।

(५) सउपाधिशेष निर्वाण- क्लेशबाट मुक्त भै रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान यो पाँच स्कन्धको उपाधि बाट नछुटेको।

(६) अनुपाधि शेष निर्वाण – क्लेषबाट मुक्त भै पाँच स्कन्धको उपाधि बाट पनि छुटीसकेको।

(७) स्कन्ध निर्वाण- पृथ्वी, आपो, तेजो, वायु।
रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान यो चार धातुमा र पाँच स्कन्धमा आउन नपर्ने।



https://dhamma.digital

# काय गतानुस्मृति भावना

केसा, लोमा, नखा, दन्ता, तचो ।
मंसं, न्हारू, अट्ठि, अट्ठिमिंजं, वक्कं ।
हदयं, यकनं, किलोमकं, पिहकं, पप्फासं ।
अन्तं, अन्तगुनं, उदरियं, करिसं, मत्थलुंग ।
पित्तं, सेम्हं, पुब्बो, लोहितं, सेदो, मेदो ।
अस्सु, वसा, खेलो, सिंघानिका, लसिका, मुत्तं ।

## अर्थ

केसा=केश, लोमा=रौं, नखा=नङ्, दन्ता=दाँत, तचो=छाला, मंसं=मासु, न्हारू=नसा, अट्ठि=हाड़, अट्ठिमंजं=मासि, वक्कं=मृगौला, हदयं=मुटु, यकनं=कलेजो, किलोमकं=जालि. पिहकं=फियो, पप्फासं=फोक्सो, अन्तं=आन्द्रा, अन्तगुनं=सानो आन्द्रा, उदरियं=पेट, करिस=विष्टा (दिसा), मत्थलुंगं=गिडी, पित्तं=पित्त, सेम्हं=कफ, पुब्बो=पीब, लोहितं=रगत, सेदो=पसिना, मेदो=तेल, अस्सु=आँसु, वसा=बोसो, खेलो=थुक्, सिंघानिका=सिंगान, लसिका=न्याल, मुत्तं=पिसाब ।

यो बत्तीस कोट्ठासको विचार गरेर हेर्दा म, मेरो भन्ने यो शरीरमा केही पनि छैन ।

https://dhamma.digital

चन्दादाता—

| | |
|---|---|
| मोतिकाजि शाक्य | १०। |
| जितबहादुर - आशामाया महरजन | २५। |
| स्व० पति पुष्पमान शाक्यको पूण्य स्मृतिमा बयालक्ष्मीबाट अर्पित– | २०। |

मुद्रक– तिलक प्रेस, तानसेन

https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital